# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/०८/२०
बैठक संख्या: १५
समय: बिहान ११:०० बजे

अर्थ समितिको आज बसेको बैठकमा दूरसञ्चार सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायक कम्पनीहरुबाट प्राप्त हुने रोयल्टी र राजश्वको तथ्याङ्क र स्थिति र सञ्चार माध्यममा व्यापक रहेको **Ncell** को शेयर ब्रिकि प्रकरण सम्बन्धमा समितिका माननीय सदस्य र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्षलगायत अन्य पदाधिकारीको उपस्थितिमा व्यापक छलफल भयो । साथै माननीय सदस्य र नेपाल राष्ट्र बैंकका गभर्नरलगायत अन्य पदाधिकारीको उपस्थितिमा मौद्रिक नीतिको हालसम्मको कार्यान्वयन र उपलब्धीको अवस्था सम्बन्धमा छलफल भयो । समितिको बैठकमा अर्थ समितिको कार्यदिशा, उपसमिति गठन सम्बन्धमा र समितिलाई प्राप्त बजेटका सम्बन्धमा छलफल भई तपसिल बमोजिमको निर्णय भयो।

१. नेपाल भित्र सञ्चालनमा रहेका दूरसञ्चार सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायक कम्पनीहरुको विगत १० वर्षदेखिको ग्राहक संख्या, बुझाएको राजश्व र हाल सम्म बुझाउन बाँकी बक्यौता राजश्व र बाँकी बक्यौता हुँदा गरिएका कारवाहीको विवरण ३ दिन भित्र समितिलाई उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने।

२. दूरसञ्चार सेवा प्रदायक कम्पनी Ncell को विदेशी स्वमित्वको शेयर खरिद-बिक्री सम्बन्धमा भएको कारोवारको यथार्थ विवरण र त्यस सम्बन्धी प्रचलित कानूनी व्यवस्था परिपालना भए/नभएको विवरण यथाशीघ्र समितिलाई उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने।

३. दूरसञ्चार ऐन, २०५३ जारी हुँदाको समय र प्रविधि तथा वर्तमान समय र प्रविधिबीचको अन्तरको सन्दर्भमा दूरसञ्चार सेवामा विदेशी लगानी सम्बन्धी विद्यमान नीतिगत र कानूनी व्यवस्थामा गरिन आवश्यक परिमार्जन बारे प्राधिकरणको धारणा १५ दिनभित्र कारण र औचित्य सहित लिखित रूपमा समितिलाई उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने।

४. अर्थ समितिका सदस्य मा.स्वर्णिम वाग्ले र विराजभक्त श्रेष्ठबाट लिखित रुपमा सभापतिलाई प्रस्तुत गर्नुभएको निवेदनका सन्दर्भमा एनसेल बिक्रीका सम्बन्धमा विस्तृत छलफलका लागि Axiata का प्रमुख कार्यकारी, Ncell का नेपाली मूलका साझेदार, अर्थ मन्त्री, संचार मन्त्री, लगानी बोर्डका प्रमुख कार्यकारी, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष लगायत अन्य सरोकारवालहरुलाई अर्थ समितिमा बोलाई वृहत छलफल गर्ने ।

५. विगत केही वर्षदेखि मुलुकको आर्थिक अवस्था विभिन्न कारणले अस्थिर रहेको सन्दर्भमा आ.व. २०८०/८१ को मौद्रिक नीति तथा मौद्रिक नीति जारी गरिएपश्चातका नियामकीय परिपत्र र व्यवस्थामार्फत गरिएका नीतिगत परिवर्तन, परिवर्तन गरिनुको कारण र औचित्य, परिवर्तनको अपेक्षित नतिजा र वास्तविक नतिजा खुल्ने विस्तृत विवरण १५ दिन भित्र समितिलाई उपलब्ध गराउन नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने।

६. वित्तिय प्रणालीमा निक्षेप बढ्दो क्रममा रहँदा समेत अर्थतन्त्र पर्याप्त मात्रामा चलायमान हुन नसकेको निजि क्षेत्रको व्यापक गुनासो, वर्तमान आर्थिक एवं बैङ्किङ्ग क्षेत्रमा देखिएका समस्या र चुनौतीहरुको न्यूनीकरण, मुद्रस्फीति लगायतका आर्थिक क्षेत्रमा देखिएका समस्यालाई यथोचित सम्बोधन हुने गरी चालू वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षा मार्फत अर्थतन्त्र चलायमान हुने गरी मौद्रिक नीतिमा आवश्यक सुधार गर्न नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।

७. समितिमा प्राप्त निवेदक दामोदर खड्का, सचिव ऋण चुत्ता कार्यदल क्यापिटल मर्चेन्ट बैकिङ एन्ड फाइनान्स लिमिटेड ले दर्ता गरेको उजुरीका सन्दर्भमा हाल सम्म भएगरेका कामकारवाहीको सम्पूर्ण विवरण नेपाल राष्ट्र बैंकसँग माग गरि मिति २०८०/०८/१८ मा पत्राचार भई सकेको सन्दर्भमा सम्पूर्ण विवरण प्राप्त नभएसम्म र समितिले थप अध्ययन गरी अन्य निर्णय नलिए सम्म हाललाई कुनै पनि काम कारवाहि अगाडि नबढाउन सम्बन्धित संस्थालाई निर्देशन दिने ।

८. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

.............................
रेखा उपाध्याय खनाल
समिति सचिव

.................................
सन्तोष चालिसे
सभापति